प्रति इकाई मूल्य रु. १०/– दरको १०,००,००,००० (दश करोड) इकाई मध्ये न्यूनतम १,५०,००,००० (एक करोड पचास लाख) वा कुल बिक्री भएको इकाई सङ्ख्याको न्यूनतम १५ प्रतिशत इकाई कोष प्रबर्द्धक श्री सनराइज बैंक लिमिटेडलाई सुरक्षित राखी बाँकी न्यूनतम ८,५०,००,००० (आठ करोड पचास लाख) इकाई यस विवरण पुस्तिकाको शर्तानुसार सार्वजनिक रुपमा बिक्रीका लागि खुल्ला गरिनेछ।

आवेदन दिनुपर्ने न्यूनतम इकाई सङ्ख्या	**१०० (एक सय)**
आवेदन दिन पाउने अधिकतम इकाई सङ्ख्या	**१,००,००,००० (एक करोड)**

नेपाल धितोपत्र बोर्डबाट विवरण पुस्तिका स्वीकृत मिति : २०७६/०५/२३ गते।

१. योजना सम्बन्धी संक्षिप्त जानकारी :

४.१	क	योजनाको नाम	**सनराइज फर्स्ट म्युचुअल फण्ड** (Sunrise First Mutual Fund)
	ख	योजनाको आकार	रु. १,००,००,००,०००|- (एक अर्ब)।
	ग	योजनाको प्रकार	बन्दमुखी (Close-Ended) ।
४.२	क	निष्कासन गर्न लागिएको इकाई सङ्ख्या	१०,००,००,००० (दश करोड)।
	ख	प्रति इकाई मूल्य	रु. १०|- (अक्षरेपी दश)।
	ग	न्यूनतम बिक्री हुनुपर्ने इकाई सङ्ख्या	५,००,००,००० (पाँच करोड)।
	घ	अधिकतम सकारिने इकाई सङ्ख्या	१२,५०,००,००० (बाह्र करोड पचास लाख)।
	ङ	योजनाको अवधी	इकाई बाँडफाँट भएको मितिले १० वर्ष।
	च	योजना परिपक्व हुने मिति	योजनाको इकाई बाँडफाँट भएको मितिले १० वर्ष (उक्त अवधिपश्चात् योजनाको लगानीलाई नगदमा परिणत गरी इकाईधनीहरुलाई समानुपातिक हिसावले प्रचलित कानून बमोजिम वितरण गरिने)।
	छ	इकाई बिक्री केन्द्रहरु	नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) तथा सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।
	ज	आवेदकले खरिद गर्नुपर्ने न्यूनतम इकाई सङ्ख्या	१०० (एक सय)।
	झ	आवेदकले खरिद गर्न सक्ने अधिकतम इकाई सङ्ख्या	१,००,००,००० (एक करोड)।
	ञ	इकाई बिक्री तथा बाँडफाँट सम्बन्धी व्यवस्था	इकाई विक्रिका लागि आवेदन लिने कार्य समाप्त भए पश्चात् धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम इकाईको बाँडफाँट गरिने।
	ट	सूचिकरण तथा दोस्रो बजार कारोवार व्यवस्था	इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचिकृत गरी कारोवारको व्यवस्था गरिने।
४.३		योजनाको मुनाफा वितरणको लक्ष्य	योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिने। सञ्चित मुनाफा (Retained Earning) पुनः लगानीका लागि उपयोग गरिनेछ।
४.४		इकाई खरिद गर्न सक्ने व्यक्ति तथा संस्थाहरु	नेपाली नागरिक, गैर आवासीय नेपाली , प्रचलित कानून बमोजिम दर्ता भएका नेपाली फर्म, संघ संस्था, बैंक, वित्तीय संस्था, बीमा कम्पनी, कुनै पनि वर्ग वा समूहले खडा गरेको कोषहरु जस्तै संचयकोष, कल्याणकारी कोष, गुठी, अक्षयकोष आदिले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन्।
४.५		योजना व्यवस्थापकको नाम तथा ठेगानाः	श्री सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौं।
		स्थापित ऐनः	कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३।
		दर्ता मितिः	कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता मितिः २०६७/०६/१७ (दर्ता नं. १२६१/०६७/०६८)।
		बोर्डबाट योजना व्यवस्थापकको अनुमति प्राप्त मितिः	२०७६/०२/१०
४.६		योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना	बसौला एसोसिएट (चार्टड एकाउन्टेन्ट्स्), सातदोबाटो, ललितपुर, नेपाल।
४.७		योजनाको लेखापरीक्षकको नाम तथा ठेगाना	लेखापरिक्षक नियुक्तिको प्रकृयामा रहेको।
४.८		कोष सुपरिवेक्षकको नाम तथा ठेगाना	१. श्री चण्डी प्रसाद श्रेष्ठ। ठेगानाः ११८, जनपथ मार्ग, वडा नं. २९, घट्टेकुलो, काठमाडौं, नेपाल। २. श्री कृष्ण बहादुर मानन्धर। ठेगानाः का.म.न.पा., वडा नं. ३१, मिलनचोक, नेपाल। ३. श्री बुद्धी प्रसाद आचार्य। ठेगानाः टोखा न.पा., वडा नं. ०६, धापासी, काठमाडौं, नेपाल। ४. श्री पूर्ण मान शाक्य। ठेगानाः ललितपुर म.न.पा., वडा नं. २०, नटोल, ललितपुर, नेपाल। ५. श्री सुधिर कुमार शर्मा। ठेगानाः का.म.न.पा., वडा नं. ३१, शंखमूल, काठमाडौं, नेपाल।
४.९		रेटिङ्ग कम्पनी तथा योजनाको रेटिङ्ग संकेत	योजना ब्यवस्थापक तथा कोष प्रबर्द्धकको रेटिङ्ग गर्ने कम्पनी : श्री केयर रेटिङ्ग नेपाल लिमिटेड। योजन ब्यबस्थापकको रेटिङ्ग : " CARE-NP AMC Quality 3 (AMC3) "। उक्त रेटिङ्गले adequate assurance on management quality of Asset Management Company (AMC) जनाउँछ। कोष प्रर्बद्धकको रेटिङ्ग : "CARE-NP- A- (Is) (Reaffairmed)"। उक्त क्रेडिट रेटिङ्गले Issuers with this rating are considered to offer adequate degree of safety regarding timely servicing of financial obligations, in Nepal. Such issuers carry low credit risk जनाउँछ।
४.१०		लगानीका क्षेत्रहरु	नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही योजनाको इकाई बिक्रीबाट उठेको वा संकलन भएको रकम देहाय बमोजिम कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ : १. बोर्डमा दर्ता भएको धितोपत्र। २. सार्वजनिक निष्कासन भएको धितोपत्र। ३. नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकृत धितोपत्र। ४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु। ५. बैंक निक्षेप। ६. मुद्रा बजार उपकरण। ७. बोर्डले तोकिदिएको अन्य क्षेत्रहरु।
४.११		योजनाको दर्ता तथा हस्तान्तरण गर्न नियुक्त डिपोजिटरीको नाम र ठेगाना	योजना व्यवस्थापक कम्पनी श्री सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाडौंले नै डिपोजिटरीको कार्य गर्ने।
४.१२		खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी व्यवस्था	सामूहिक लगानी कोष निर्देशिका, २०६९ ले व्यवस्था गरे बमोजिम खुद सम्पत्ति मूल्य गणना गरिने छ जसलाई प्रचलित कानून बमोजिम सार्वजनिक गरिने छ।

२. कोष प्रवर्द्धक सम्बन्धी जानकारी :

कोष प्रवर्द्धकको नाम : श्री सनराइज बैंक लिमिटेड।

कोष प्रवर्द्धकको संक्षिप्त इतिहास : श्री सनराइज बैंक लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६४ श्रावण २८ गते नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। यस बैंकले नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वाणिज्य बैंकको रुपमा मिति २०६४ आश्विन २० गते वित्तीय कारोवार गर्न स्वीकृति प्राप्त गरी मिति २०६४ आश्विन २५ गते देखि सेवा प्रदान गर्दै आएको छ। यस बैंकका संचालक एवं संस्थापकहरुमा बैंकिङ्ग क्षेत्र, औद्योगिक क्षेत्र, सामाजिक क्षेत्र, व्यवस्थापन, व्यापारको अलावा इन्जिनियरिङ्ग क्षेत्रमा लामो समयदेखि आवद्ध ख्याति प्राप्त लब्ध प्रतिष्ठित व्यक्तिहरु रहेका छन।

३. कोष प्रवर्द्धकका प्रमुख उद्देश्यहरु :

बैंकको प्रबन्धपत्रअनुसार बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

(क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यावसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन, आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउन सहयोग पुऱ्याउने,

(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवं प्रवद्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

(घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

४. कोष प्रवर्द्धकको विगत तीन वर्षको लेखापरीक्षण भएको वासलात, नोफा नोक्सान हिसाब तथा नगद प्रवाह वित्तीय विवरण, (सहायक कम्पनी भए समष्टिकृत रुपमा), तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्वन्धी विवरण :

श्री सनराइज बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण तथा विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थ सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

समष्टिकृत वासलात

(रु. हजारमा)

विवरण	वास्तविक			आसाढ मसान्त, आ.ब. २०७५/७६*
	आ.व. २०७२/७३#	आ.व. २०७३/७४#	आ.व. २०७४/७५#	
सम्पत्ति				
नगद तथा नगद समान	२,७७२,३९१	२,२७८,२२५	२,५८६,५३२	६,३५६,७६२
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात तथा लिनु पर्ने रकम	३,८०९,८७०	७,४९६,२१९	५,०३३,०५६	३,२४१,०४५
बैंक तथा वित्तीय संस्थामा गरेको लगानी (प्लेसमेन्ट)	२,६१८,१६९	३,२९९,९२९	३,९३९,६३०	१,३२४,८६३
डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण	२४,६२५	८०५	–	९३,८६०
अन्य व्यापारिक सम्पत्तिहरु	–	१९,८०६	२४,९५९	८६,८६०
बैंक तथा वित्तीय संस्थालाई दिएको कर्जा तथा सापटी	९५५,५४६	१,११३,३५७	९९९,५८८	१,१४९,४९४
ग्राहकलाई दिएको कर्जा तथा सापटी	४२,३६०,६४१	५०,१५८,०६०	५९,२१३,५५१	६८,८७८,६७०
लगानी	५,८४५,१६५	६,१६८,६५१	९,७२०,४५८	११,८२४,३७२
यस वर्षको आयकर सम्पत्ति	२७,७७४	१६८,५१५	४७,६८७	७९,११६
सहायक कम्पनीमा लगानी	–	–	–	–
सम्बद्ध कम्पनीमा लगानी	–	–	–	–
लगानी सम्पत्ती (इन्भेष्टमेन्ट प्रोपर्टि)	१०३,९०८	१६१,४४८	११९,२५४	३९८,१८०
सम्पत्ति तथा उपकरण (स्थिर सम्पत्ति)	४३५,५३३	५३८,३२०	७३३,५४०	९२२,००५
गुडवील (ख्याती) र अमुर्त सम्पत्ति	५,८९३	५८,५३४	७६,७७७	६८,७६२
स्थगन कर सम्पत्ति	–	–	५१,९५४	५३,१४७
अन्य सम्पत्ति	१०७,९६८	५११,५५१	३२८,८७५	२८७,७६१
कूल सम्पत्ति	**५९,०६७,४८४**	**७१,९७३,४२१**	**८२,८७५,८६१**	**९४,७६४,८९५**
दायित्व	**–**	**–**	**–**	**–**
बैंक तथा वित्तीय संस्थालाई तिर्न वाँकी	१,८१९,७६५	३,८८०,८१४	२,१२६,८९०	३,८०९,३३५
नेपाल राष्ट्र बैंकलाई तिर्न वाँकी	–	–	५२६,५६७	८३९,८०९
डेरिभेटिभ (व्यूत्पन्न) वित्तीय उपकरण	–	–	२३,३२४	–
ग्राहकबाट प्राप्त निक्षेप	४९,९८१,२९५	५७,१६८,०४१	६७,१९३,२१५	७५,२१२,३८४
सापटी	–	–	–	–
यस वर्षको आयकर दायित्व	–	–	–	–
व्यवस्थाहरु	–	–	–	–
स्थगन कर दायित्व	८,४८४	२८,३००	–	–
अन्य दायित्व	६९२,२८३	१,१०२,८८८	१,३५३,४५१	१,४४१,०९५
जारी गरिएको ऋणपत्र	–	–	–	९९६,३५३
सुरक्षण नराखिएको सहायक	–	–	–	–
कूल दायित्व	**५२,५०१,८२७**	**६२,१८०,०४४**	**७१,२२३,४४८**	**८२,२९८,९७६**
इक्विटी	–	–	–	
शेयर पूँजी	३,९७६,०४६	७,०१८,१०५	८,१५२,५५६	८,१५२,५५६
शेयर प्रिमियम	–	–	१२७,१६१	१२७,१६१
संचित मुनाफा	१,७८७,८६४	१,३७०,५४५	९७७,५९०	१,५३०,६४२
जगेडा कोषहरु	८०१,७४७	१,३७५,४६५	२,३४०,४१५	२,५९६,७२७
शेयरधनीहरुलाई वाँडफाँड योग्य कूल इक्विटी	६,५६५,६५७	९,७६४,११५	११,५९७,७२२	१२,४०७,०८६
गैर नियन्त्रित स्वार्थ	–	२९,२६२	५४,६९०	५८,८३४
कूल इक्विटी	**६,५६५,६५७**	**९,७९३,३७७**	**११,६५२,४१३**	**१२,४६५,९१९**
कूल दायित्व र इक्विटी	**५९,०६७,४८४**	**७१,९७३,४२१**	**८२,८७५,८६१**	**९४,७६४,८९५**
संभावित दायित्व तथा प्रतिवद्धता	–	२९,३९९,४७७	३७,६३७,९१०	–
प्रति शेयर खुद सम्पत्ति	१६५	१३९	१४२	१५२.१९

*असाढ मसान्तको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण (NFRS अनुसार)

NFRS अनुसार

समष्टिकृत नाफा-नोक्सान हिसाव विवरण

(रु. हजारमा)

विवरण	वास्तविक			असाढ मसान्त, आ.ब. २०७५/७६*
	२०७२/७३#	२०७३/७४#	२०७४/७५#	
व्याज आम्दानी	३,०९५,५४९	५,४२७,८३१	७,६६५,८८२	९,२४९,२६१
व्याज खर्च	१,५९१,९७७	३,१०८,७११	४,७५८,१६८	५,५९९,१४६
खुद व्याज आम्दानी	**१,५०३,५७२**	**२,३१९,१२०**	**२,९०७,७१४**	**३,६५०,११५**
शुल्क तथा कमिशन आम्दानी	४२२,७१७	५२५,६९०	६३०,८९०	८०५,७५३
शुल्क तथा कमिशन खर्च	५०,४८४	१६०,९५१	१५६,८३३	१२१,४४२
खुद शुल्क र कमिशन आम्दानी	**३७२,२३३**	**३६४,७३९**	**४७४,०५८**	**६८४,३११**
खुद व्याज, शुल्क र कमिशन आम्दानी	१,८७५,८०५	२,६८३,८५९	३,३८१,७७२	४,३३४,४२६
खुद व्यापारिक आम्दानी	–	(१५,०३९)	(४,२१३)	२६४,५९५
अन्य संचालन आम्दानी	१३२,४३२	१६१,७६७	२२८,२२१	९०,७१२
जम्मा संचालन आम्दानी	**२,००८,२३७**	**२,८३०,५८७**	**३,६०५,७८०**	**४,६८९,७३३**
कर्जा जोखिम व्यवस्था/(फिर्ता तथा अन्य नोक्सानी	(२३४,६८७)	७४,९१५	४८,५९३	१०३,५२४
खुद संचालन आम्दानी	**२,२४२,९२४**	**२,७५५,६७२**	**३,५५७,१८७**	**४,५८६,२१०**
संचालन खर्च		–	–	
कर्मचारी खर्च	४९२,८९५	६९९,३७२	९२२,५४८	१,१४५,७९१
अन्य संचालन खर्च	३११,९४५	३१८,८८०	४४९,७४३	६२२,८२९
ह्रास कट्टी र परिषोधन	६३,५५३	४८,८६७	११३,८९३	१४२,८५८
संचालन मूनाफा	**१,३७४,५३१**	**१,६८८,५५४**	**२,०७१,००३**	**२,६७४,७३२**
गैर संचालन आम्दानी	१,३१७	३१,७१९	६८,२०२	१,१७६
गैर संचालन खर्च	३,२३०	८५,९२२	१६४,३८२	४६,०७८
आय कर अधिको मूनाफा	**१,३७२,६१८**	**१,६३४,३५१**	**१,९७४,८२३**	**२,६२९,८२९**
आयकर खर्च	४२१,२३९	५१२,९६८	४७९,१८९	८७३,३२६
चालु कर	४२६,९९२	४५४,०३४	६२१,२६४	८७३,३२६
स्थगन कर	(५,७५२)	५८,९३४	(१४२,०७६)	–
यस अवधिको मूनाफा	९५१,३७८	१,१२१,३८३	१,४९५,६३५	१,७५६,५०४
नाफा वाँडफाँड	–	–	–	–
बैंकको शेयरधनी	९५१,३७८	१,११६,८६८	१,४९१,६३६	१,७६३,१७८
गैर नियन्त्रित स्वार्थ	–	४,५१५	३,९९९	१०,६००
यस अवधिको मूनाफा	**९५१,३७८**	**१,१२१,३८३**	**१,४९५,६३५**	**१,७७३,७७८**
प्रति शेयर आम्दानी				
आधारभुत प्रति शेयर आम्दानी	२३.९३	१७.३९	१८.३६	२१.५५
डाइलुटेड प्रति शेयर आम्दानी	२३.९३	१७.३९	१८.३६	२१.५५

*असाढ मसान्तको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण (NFRS अनुसार)

NFRS अनुसार

धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

कोष प्रवर्द्धक: सनराइज बैंक लिमिटेड SUNRISE BANK LIMITED

योजना व्यवस्थापक: सनराइज क्यापिटल लिमिटेड SUNRISE CAPITAL LTD. (सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)

सनराइज म्युचुअल फण्ड

अन्तर्गत सञ्चालन हुने

सनराइज फर्स्ट म्युचुअल फण्ड

बन्दमुखी योजना

आव्हान पत्र

विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण

विवरण	वास्तविक			आषाढ मसान्त, आ.व. २०७५/७६*
	आ.व. २०७२/७३#	आ.व. २०७३/७४#	आ.व. २०७४/७५#	
चुक्ता पूँजी (रु. हजारमा)	३,९७६,०४६	७,०१८,१०५	८,१५२,५५६	८,१५२,५५६
जगेडा तथा कोष (रु. हजारमा)	२,५८९,६११	२,७४६,०१०	३,४४५,१६६	४,२५४,५३०
जम्मा नेटवर्थ (रु. हजारमा)	**६,५६५,६५७**	**९,७६४,११५**	**११,५९७,७२२**	**१२,४०७,०८**
शेयर सङ्ख्या	३९,७६०,४६३	७०,१८१,०४७	८१,५२५५५९	८१,५२५५५९
प्रति शेयर नेटवर्थ (रु).	१६५	१३९	१४२	१५२.१९
नेटवर्थमा प्रतिफल (%)	१४.५०%	१२.५१%	१२.९३%	१४.१६%
प्रति शेयर आम्दानी (EPS)	२३.९३	१७.३९	१८.३६	२१.५५

*आषाढ मसान्तको व्यवस्थापनबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण (NFRS अनुसार)

NFRS अनुसार

५. योजना ब्यवस्थापक सम्बन्धी विवरण

(क) योजना व्यवस्थापकको नाम : श्री सनराइज क्यापिटल लिमिटेड।

(ख) योजना ब्यवस्थापक स्थापित भएको ऐन/नियम सम्बन्धी विवरणः योजना व्यवस्थापक कम्पनी श्री सनराइज क्यापिटल लिमिटेड, कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी -मर्चेन्ट बैंकर) को रुपमा स्थापना भएको हो।

(ग) योजना ब्यवस्थापकको रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ०१, कमलपोखरी, काठमाडौं।

(घ) योजना ब्यवस्थापकको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास : श्री सनराइज क्यापिटल लिमिटेड (साविकको एन.सि.एम. मर्चेण्ट बैंकिङ्ग लिमिटेड) कम्पनी ऐन, २०६३ अन्तर्गत मिति २०६७/०६/१७ मा नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। कम्पनीले धितोपत्र सम्बन्धी ऐन २०६३ अन्तर्गत धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रुपमा कार्य गर्न नेपाल धितोपत्र बोर्डबाट मिति २०६७/०६/२७ मा अनुमतिपत्र प्राप्त गरी सोही मितिबाट मर्चेन्ट बैंकिंग सेवा प्रदान गर्दै आइरहेको छ। कम्पनीले आफ्नो स्थापनाकाल देखि नै धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक, धितोपत्र प्रत्याभूती सेवा, शेयर रजिष्ट्रार सेवा, लगानी व्यवस्थापन सेवा तथा वित्तीय परामर्श सेवा समेत प्रदान गर्दै आइरहेको छ। साथै यस कम्पनीले मिति २०७६/०२/१० मा नेपाल धितोपत्र बोर्डबाट योजना व्यवस्थापक तथा डिपोजिटरीको कार्य गर्ने अनुमति प्राप्त गरी सनराइज म्युचुअल फण्ड अन्तर्गतको पहिलो योजना सनराइज फर्स्ट म्युच्युअल फण्डको योजना व्यवस्थापक तथा डिपोजिटरीको रूपमा समेत कार्य गर्ने व्यहोरा अनुरोध छ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु :

प्रबन्धपत्रमा उल्लेख भए बमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

१. धितोपत्र बोर्डबाट स्वीकृती लिई धितोत्रप निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र व्यापारी, बजार निर्माता, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापन, धितोपत्र प्रत्याभूतिकर्ताको रूपमा कार्य गर्ने।
२. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्धन सम्बन्धी सहयोग गर्ने।
३. लगानीकर्ताहरुलाई धितोपत्र व्यवसायिको रूपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने।
५. उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने।
अन्य मुख्य उद्देश्यहरु कम्पनीको प्रबन्धपत्रमा उल्लेख भए अनुसार रहने छन्।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति

(क) व्यवसाय/ सेवा वृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीति : कम्पनीले बजारको अवस्था हेरी यस योजनाका अतिरिक्त अन्य विभिन्न योजनाहरु समेत सञ्चालनमा ल्याउनेछ। कम्पनीले धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी -मर्चेन्ट बैंकर) को रुपमा निष्कासन तथा बिक्री प्रबन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापनको कार्य गर्न अनुमतिपत्र पनि प्राप्त गरेको हुनाले योजना ब्यवस्थापनका साथै आगामी दिनहरुमा ग्राहकवर्गमाभमा विश्वसनीयताका साथ सशक्त रुपमा मर्चेन्ट बैंकिंग सम्बन्धि सेवालाई सशक्त रुपमा बिस्तार गर्दै लाने रणनिति लिएको छ।। कम्पनीले समय सापेक्ष आफ्नो प्रविधि सुधार गरी नेपालभर आफ्नो सेवा विस्तार गर्ने तथा यस क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनीति लिएको छ। कम्पनीले बजारको अवस्था हेरी यस बन्दमुखी योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखी र खुल्लामुखी योजनाहरु समेत सञ्चालनमा ल्याउनेछ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना ब्यवस्थापकको व्यवसायको भविष्य : नेपाली पूँजी बजारमा सामूहिक लगानी कोषको अवधारणा हालसालै विकास भएको हो। यस प्रकारको सेवा प्रदान गर्न स्थापित कम्पनीहरु सेवाको प्राथमिक चरणमै रहेका छन्। यस कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन आवश्यक रणनीति तयार गरेको छ। कम्पनीले आफ्नो लगानीमा रहेका जोखिमहरु क्म गरी भविष्यमा पूँजी बजारमा महत्वपूर्ण स्थान लिने विश्वास लिइएको छ। बजारमा संस्थागत लगानीकर्ताको सहभागिता न्युन रहेको वर्तमान अवस्थामा यसले धितोपत्रको बजार मूल्यमा आउन सक्ने अस्वभाविक उचार चढावलाई सन्तुलनमा ल्याउने तथा जनसाधारणको लगानीलाई उचित तवरले व्यवस्थापन गरी उनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने र सोबाट धितोपत्र बजारमा जनसाधारणको सहभागितामा अभिबृद्धि गरी समग्र धितोपत्रको विकासमा सघाउ पुऱ्याउनेछ। साथै यस प्रकारको व्यवसायमा सनराइज क्यापिटल लि. एक व्यवसायीक तथा प्रतिस्पर्धि संस्थाको रुपमा अगाडि बढ्नेछ।

८. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्थाः

कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ :

क्र.सं.	विवरण	सङ्ख्या
१	सनराइज बैंक लिमिटेडबाट प्रतिनिधिहरु	३ जना
२	राष्ट्रिय वाणिज्य बैंक लिमिटेडबाट प्रतिनिधिहरु	१ जना
३	स्वतन्त्र सञ्चालकहरु	२ जना
	जम्मा	**६ जना**

९. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारीः

(क) अधिकृत पूँजी : २०,००,००० कित्ता शेयरको प्रति शेयर रु.१००/- का दरले रु. २०,००,००,००० |- (अक्षरेपी बीस करोड) रहेको छ।

(ख) जारी पूँजी : २०,००,००० कित्ता शेयरको प्रति शेयर रु.१००/- का दरले रु. २०,००,००,००० |- (अक्षरेपी बीस करोड)रहेको छ।

(ग) चुक्ता पूँजी : २०,००,००० कित्ता शेयरको प्रति शेयर रु.१००/- का दरले रु. २०,००,००,०००|- (अक्षरेपी बीस करोड) रहेको छ।

१०. योजना व्यवस्थापकको संस्थापक तथा सञ्चालक सम्बन्धी जानकारी

(क) संस्थापक शेयरधनीहरुको नाम, ठेगाना, राष्ट्रियता, शेयर स्वामित्व (चुक्ता पूँजीको आधारमा) :

सि.नं.	नाम	ठेगाना	राष्ट्रियता	शेयर स्वामित्व प्रतिशत
१.	श्री सनराइज बैंक लिमिटेड	गैह्रिधारा, काठमाडौं	नेपाली	७८.५७%
२.	श्री राष्ट्रिय वाणिज्य बैंक लिमिटेड (साबिकको एन.आइ.डि.सि. डेभलपमेण्ट बैंक लिमिटेड)	सिंहदरबार प्लाजा, काठमाडौं	नेपाली	२१.४३%
	कुल			**१००%**

(ख) सञ्चालकहरुको नाम, पद, उमेर, ठेगाना, राष्ट्रियता, शैक्षिक योग्यता र अनुभव :

क्र. सं.	नाम	पद	उमेर (वर्ष)	ठेगाना	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१	श्री अपछ कुमार यादव	अध्यक्ष	४९	का.म.न.पा. -०२, सिनामंगल	नेपाली	सि.ए., बि. कम.	१. डेपुटि जेनरल म्यानेजर : सनराइज बैंक लि. (२०१५ देखि हाल सम्म) २. असिसटेन्ट जेनरल म्यानेजर : माछापुछ्रे बैंक लि. (२००९ देखि २०१५ सम्म) ३. बिजिनेश प्रोसेस पोर्टफोलियो म्यानेजमेन्ट स्पेसलिस्ट : कृषि विकास बैंक लि. (अप्रिल २००९ देखि सेपटेम्बर २००९ सम्म) ४. डेपुटि प्रमुख क्रेडिट अधिकृत : नेपाल बैंक लि. (अप्रिल २००७ देखि सेपटेम्बर २००९ सम्म) ५. लेखापरिक्षण म्यानेजर : आर.बज्राचार्य. एण्ड कम्पनी (जनबरी २००७ देखि अप्रिल २००७ सम्म)
२	श्री सर्वेन्द्र मिश्र	सञ्चालक	४९	का.म.न.पा. -२६, मैपी	नेपाली	एम. बि. एस.	१. असिसटेन्ट जेनरल म्यानेजर : सनराइज बैंक लि. (२०१७ देखि हाल सम्म) २. प्रमुख संचालन अधिकृत : सिभिल बैंक लि. (२०१० देखि २०१७ सम्म) ३. म्यानेजर : सनराइज बैंक लि. (२००७ देखि २०१० सम्म)
३	श्री ईश्वर कुमार पाठक	सञ्चालक	४९	का.म.न.पा., कुलेश्वर	नेपाली	एम.एस्सी., एम.ए.	१. सिनियर म्यानेजरः सनराइज बैंक लि. (२००९ देखि हाल सम्म) २. क्लस्टर हेड, पुर्वाञ्चल वि.क्षे.ः ग्लोबल आइएमई बैंक लि. (२००७ देखी २००९ सम्म) ३. विभिन्न विभागहरुमा प्रमुखः हिमालयन बैंक लि.(२००२ देखी २००७ सम्म)
४.	श्री सरस्वती अधिकारी	सञ्चालक	३९	का.म.न.पा. -०७, चावहिल	नेपाली	सि.ए., एम.कम.	१. मुख्य प्रबन्धक, ट्रेजरी शाखाः राष्ट्रिय वाणिज्य बैंक लि. (सन् २००७ देखी हाल सम्म) २. सिएससि एण्ड कम्पनी, चार्टड एकाउन्टेण्ट्स (सन् २००५ देखी सन् २००७ सम्म) ३. मेघा फार्मास्युटिकल्स (सन् २००३ देखी सन् २००५ सम्म) ४. मुर्ती एण्ड राजन, चार्टड एकाउन्टेण्ट्स (सन् १९९९ देखी सन् २००२ सम्म)
५	प्रा.डा. पुष्प राज शर्मा	स्वतन्त्र संचालक	५३	टो.खा. न.पा., बसुन्धारा, काठमाडौ	नेपाली	एम.बि.ए., एम.फिल., पि.एच.डि.	१. प्रोफेसरः त्रिभुवन विश्व विद्यालय (सन् १९९५ देखि हाल सम्म) २. सदस्यः पोखरा चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रिज (सन् १९९५ देखि हाल सम्म) ३. प्रोग्राम संयोजक, जे.एम.सि., त्रि.वि. पोखरा (सन् २००७ देखि सन् २०११ सम्म) ४. सूचना अधिकृतः पोखरा चेम्बर अफ कमर्स एण्ड इन्डष्ट्रिज (सन् १९९९ देखि सन् २००२)
६	श्री सतिश कुमार कर्ण	स्वतन्त्र संचालक	४८	सुर्यविनायक न.पा.- ०४, गम्चा, भक्तपुर	नेपाली	बि.कम., चार्टड एकाउन्टेण्ट	१. प्रमुख सञ्चालन अधिकृतः जावलाखेल ग्रुप अफ इन्डष्ट्रिज प्रा. लि. २. (सन् २०१८ देखि हाल सम्म) ३. प्रमुख वित्त अधिकृतः जावलाखेल ग्रुप अफ इन्डष्ट्रिज प्रा. लि.(सन् २००२ देखि सन् २०१८ सम्म) ४. फाइनान्स म्यानेजरः तारागाउँ रिजेन्सि होटल्स लि. (सन् २००० देखि सन् २००२ सम्म) ५. सि.ए.ः सि.वि. जोसि एण्ड कम्पनी (सन् १९९९ देखि सन् २००० सम्म) ६. सि.ए.ः जे.सि. भल्ला एण्ड कम्पनी (सन् १९९८ देखि सन् १९९९ सम्म)

११. योजना व्यवस्थापकको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको भए विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको भए सञ्चालन,अवधिभरको लेखापरीक्षण भएको (लेखापरीक्षण नभएको भए व्यवस्थापनबाट प्रमाणित) वासलात तथा नाफा नोक्सान हिसाबको विवरण :

वासलात (Based on NFRS)

(रु. हजारमा)

विवरण	वास्तविक		
	आ.व. २०७३/७४	आ.व. २०७४/७५	आ.व. २०७५/७६
अचल सम्पत्तिहरु			
सम्पत्ति तथा उपकरण	३,९३२	३,२९२	३,१२६
अमूर्त सम्पत्ति	–	३६२	२७१
व्यापारिक प्रयोजनको लागि लगानीमा वर्गिकरण गरिएका लगानी	१९,८०६	२४,९५९	८६,८६०
परिपक्वतासम्म धारणका लागि गरिएको लगानीमा वर्गिकरण गरिएका लगानी	६०,०००	१७५,०००	१३०,०००
कर्मचारी कर्जा	–	–	–
कुल अचल सम्पत्ति	८३,७३८	२०३,६१३	२२०,२५७
चल सम्पत्तिहरु			
अन्य व्यापारिक सम्पत्ति, अग्रिम भुक्तानी तथा निक्षेप	६,३१५	३,५४७	२८,१८५
यस आ.व. को आयकर सम्पत्ति	४,७९०	४,७०९	२,२६७
स्थगन कर सम्पत्ति	–	–	–
नगद तथा नगद समान	२१७,२६६	२१२,४३७	३४८,२३८
कुल चल सम्पत्ति	२२८,३७१	२२०,६९३	३७८,६९१
कुल सम्पत्ति	३१२,१०९	४२४,३०५	५९८,९४८
शेयरधनहिरुको इक्युटी			
शेयर पूँजी	१००,०००	२००,०००	२००,०००
संचित नाफा	३६,५५४	५४,००४	६८,७१३
कुल शेयरधनहिरुको इक्युटी	१३६,५५४	२५४,००४	२६८,७१३
अचल दायित्वहरु			
स्थगन कर दायित्व	२,५६४	१,५०७	२,४८४
कर्मचारी लाभ	९५२	१,६३१	४,६१४
कुल अचल दायित्वहरु	३,५१६	३,१३८	७,०९८
चल दायित्वहरु			
व्यापारिक तथा अन्य भुक्तानी गर्नु पर्ने	१५३,३८७	१६३,६४६	३१४,००४
अन्य चल दायित्वहरु	१८,६५३	३,५१८	९,१३३
व्यवस्थाहरु			
कुल चल दायित्वहरु	१७२,०३९	१६७,१६४	३२३,१३७
कुल शेयरधनहिरुको इक्युटी तथा दायित्वहरु	३१२,१०९	४२४,३०५	५९८,९४८

नाफा नोक्सान हिसाब (Based on NFRS)

(रु. हजारमा)

विवरण	वास्तविक		
	आ.व. २०७३/७४	आ.व. २०७४/७५	आ.व. २०७५/७६
आम्दानीहरु			
सञ्चालन आम्दानी	७,३५०	१४,४७१	२८,८००
अन्य आम्दानी	२४,३२०	३७,३१९	५७,९५९
वित्तिय सम्पत्ति तथा दायित्वको नाफा/(नोक्सान) मा भएको परिवर्तन (FVTPL मा)	(१,७१६)	(४,२१३)	२८,०१३
कुल आम्दानी	२९,९५४	४७,५७७	११४,७७२
खर्चहरु			
कर्मचारी खर्च	(१०,३७३)	(१३,९१९)	(२४,००५)
कार्यालय सञ्चालन खर्च	(६,९१८)	(८,६२७)	(९,६८६)
ह्रास कट्टी र परिशोधन (Amortisation)	(१,३३७)	(१,४७८)	(१,४३१)
कुल खर्च	(१८,६२८)	(२४,०२४)	(३५,१२२)
आय कर अघिको सञ्चालन मुनाफा	११,३२६	२३,५५४	७९,६५०
आयकर खर्च			
यस आ.व. को आयकर	(६,५९९)	(७,१६०)	(२१,८१८)
स्थगन कर	३,८०४	१,०५७	(१,२१०)
यस अवधिको नाफा	८,५३१	१७,४५०	५६,६२२
प्रति शेयर आम्दानी			
आधारमूत प्रति शेयर आम्दानी	८.५३	८.७३	२८.३१
डाइलुटेड प्रति शेयर आम्दानी	८.५३	८.७३	२८.३१

१२. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा ब्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी

क्र. सं.	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा/ व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	श्री चण्डी प्रसाद श्रेष्ठ	नेपाल सरकारको विभिन्न विशिष्ट तहहरुमा २८ वर्षभन्दा बढीको कार्य अनुभव।	सेवा	धुलिखेल क्याम्पसमा संचालक सदस्यको रूपमा कार्यरत।
२.	श्री कृष्ण बहादुर मानन्धर	नेपाल राष्ट्र बैंकमा अधिकृत विशिष्ट श्रेणीमा ३६ वर्षभन्दा बढीको अनुभव।	सेवा/ शिक्षण	विभिन्न शैक्षिक संस्थाहरुमा अध्यापन कार्यमा संलग्न।
३.	श्री बुद्धी प्रसाद आचार्य	नेपाल टेलिकममा विभिन्न पदहरुमा तथा लेखा परिक्षक भई १९ वर्षभन्दा बढीको कार्य अनुभव।	सेवा/चार्टड एकाउण्टेण्ट	वि.पि. आचार्य एण्ड कम्पनी, चार्टड एकाउण्टेण्टस् मा प्रोप्राइटरको रूपमा कार्यरत।
५.	श्री पूर्ण मान शाक्य	न्याय प्रशासन, कानुन तथा न्यायपालिका क्षेत्रमा ३० वर्षभन्दा बढीको अनुभव।	अधिवक्ता/ शिक्षण	त्रिभुवन विश्व विद्यालय तथा नेपाल ल क्याम्पसमा प्रोफेसर तथा सर्वोच्च अदालतमा कानुन व्यवसायीको रुपमा कार्यरत।
४.	श्री सुधिर कुमार शर्मा	बैंक तथा वित्तिय संस्था र चार्टड एकाउन्टेण्ट पेशामा २० वर्ष भन्दा बढीको कार्य अनुभव।	सेवा/चार्टड एकाउन्टेण्ट	एस. एण्ड एस. एसोसिएट्समा चार्टड एकाउन्टेण्टको रूपमा कार्यरत।

१३. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिकाः

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी सहमतिका लागि पठाउन अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षितसाथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने, दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ।

१४. योजनाको उद्देश्यः

इकाई बिक्रीबाट सङ्कलित रकम योजना ब्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई जोखिमको उचित व्यवस्थापन गरि उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्कासन गरिएको हो।

इकाई बिक्री खुल्ला हुने मिति	**२०७६/०६/०८ (बैंकिङ्ग समय पश्चात्)**
इकाई बिक्री बन्द हुने मिति (छिटोमा)	**२०७६/०६/१२ (बैंकिङ्ग समय पश्चात्)**
इकाई बिक्री बन्द हुने मिति (ढिलोमा)	**२०७६/०७/०७ (बैंकिङ्ग समय पश्चात्)**

(सामूहिक लगानी कोष नियमावली, २०६७ को व्यवस्था बमोजिम जारी गरिएको)

आवेदनसाथ भूक्तानी गर्नुपर्ने रु. १०/– प्रति इकाईका दरले

यो विवरण पुस्तिका नभई केबल आव्हान पत्र मात्र हो।

१५. योजनाले लगानी गर्ने क्षेत्रः

नियमावली एवं निर्देशिकाको अधीनमा रही योजनाको रकम देहायबमोजिम लगानी हुनेछ :

(क) बोर्डमा दर्ता भएको धितोपत्र,

(ख) सार्वजनिक निष्काशन भएको धितोपत्र,

(ग) धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्र,

(घ) नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी वील तथा मुद्रा बजारका अन्य साधनहरु,

(ङ) बैंक निक्षेप,

(च) मुद्रा बजार उपकरण,

(छ) बोर्डले तोकिदिएको अन्य क्षेत्र।

उल्लेखित क्षेत्रमा लगानी गर्दा नियमावलीको ब्यवस्थालाई मध्यनजर गरी प्रतिफलको आधारमा एक क्षेत्रको लगानीलाई अन्य क्षेत्रको लगानीमा सार्न सकिनेछ।

१६. खुद सम्पत्ति मूल्य गणना तथा सोको प्रकाशन सम्बन्धी ब्यवस्था

(क) खुद सम्पत्ति मूल्य गणना गर्ने विधि

प्रति इकाई खुद सम्पत्ति मूल्य (नेट एसेट भ्याल्यु) कायम गर्दा योजनाको मूल्याङ्कन गर्ने मितिमा कायम रहेको सम्पूर्ण सम्पत्तिलाई कुल इकाई सङ्ख्याले भाग गरी प्रति इकाई खुद सम्पत्ति मूल्य कायम गरिनेछ। खूद सम्पत्ति मूल्याङ्कन गर्ने सूत्र देहाय बमोजिम हुनेछ :

प्रति इकाई खुद सम्पत्ति मूल्य = मूल्याङ्कन मितिमा लगानीको मूल्य + प्राप्त हुन बाँकी प्रतिफल वा आय तथा अन्य रकमहरु – तिर्न बाँकी दायित्व तथा अन्य रकमहरु

मूल्याङ्कन मितिमा योजना अन्तर्गतको कूल इकाई सङ्ख्या

(ख) खुद सम्पत्ति मूल्य प्रकाशन सम्बन्धी ब्यवस्था :

योजनाको इकाई बाँडफाँट भएको ३० दिनभित्र योजना ब्यवस्थापकले पहिलो पटक खुद सम्पत्ति मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ। तत्पश्चात सामूहिक लगानी कोष नियमावली, २०६७ को ब्यवस्था बमोजिम प्रत्येक हप्ता खुद सम्पत्ति मूल्य योजना ब्यवस्थापकको वेवसाईट www.sunrisecapital.com.np मा सार्वजनिक गरिनेछ। साथै योजना व्यवस्थापकले योजनाको लगानीको विवरण मासिक रुपमा आफ्नो वेब साईटमा राखी सार्वजनिक गर्ने तथा वार्षिक रुपमा योजनाको लेखापरीक्षण गराई सोसम्बन्धी विवरण सार्वजनिक गर्नेछ। खुद सम्पत्ति मूल्य तथा योजनाको कार्यसम्पादन सार्वजनिक गर्ने सम्बन्धमा अन्य ब्यवस्था प्रचलित कानुन तथा बोर्डको निर्देशन बमोजिम हुनेछ।

१७. प्रति इकाइ खुद सम्पत्ति मूल्यको गणना तथा वित्तीय अनुपात सम्बन्धी विवरण

(रु. हजारमा)

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५
लगानी	८७२,०००	१,००२,८९३	१,१०६,६९६	१,०२४,३५३	१,१३३,९७२
चालु सम्पत्ति	३३५,५०३	२६४,७१०	२१३,६३१	३६०,९४७	३२०,६८२
कुल सम्पत्ति	१,२०७,५०३	१,२६७,६०३	१,३२०,३२७	१,३८५,३००	१,४५४,६५४
चालु दयित्व	१००,२८८	१२०,३०३	१२०,३१९	१४०,३३७	१४०,३५७
कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्क	१६,०१५	१६,७५७	१७,४०८	१८,२०९	१९,०६५
कोष व्यवस्थापन शुल्क	११,९१२	१२,५०५	१३,०२६	१३,६६८	१४,३५२
सुपरिवेक्षक शुल्क	१,१२५	१,१२५	१,१२५	१,१२५	१,१२५
डिपोजीटरी शुल्क	२,९७८	३,१२६	३,२५७	३,४१७	३,५८८
खुद सम्पत्ति मुल्य	१,०९१,२००	१,१३०,५४३	१,१८२,६००	१,२२६,७५३	१,२९५,२३१
इकाई संख्या	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००
प्रति इकाई खुद सम्पत्ति मुल्य	१०.९१	११.३१	११.८३	१२.२७	१२.९५
लाभांश वितरण	१०%	१२%	१२%	१४%	१४%
लगानीमा प्रतिफल	१०.००%	११.००%	१०.६१%	११.८४%	११.४१%
Cumulative Capital Gains	९.१२%	१३.०५%	१८.२६%	२२.६८%	२९.५२%
बार्षिक पूँजीगत लाभ	९.१२%	३.९३%	५.२१%	४.४२%	६.८५%
लगानीमा कुल प्रतिफल (बार्षिक)	१९.१२%	१५.९३%	१७.२१%	१८.४२%	२०.८५%

विवरण	वर्ष ६	वर्ष ७	वर्ष ८	वर्ष ९	वर्ष १०
लगानी	१,२४०,१२०	१,४५२,१५७	१,६०३,९५०	१,७१९,९०४	१,१४१,३७३
चालु सम्पत्ति	३२०,२७६	२४३,१३७	२९८,४८६	३९५,५९२	१,०१५,५१९
कुल सम्पत्ति	१,५६०,३९६	१,६९५,२९४	१,९०२,४३७	२,११५,४९६	२,१५६,८९२
चालु दयित्व	१६०,३७९	१६०,४०३	१८०,४३०	१८०,४५९	४९१
कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्क	२०,३७१	२२,०३६	२४,५९३	२७,२२३	२७,७३३
कोष व्यवस्थापन शुल्क	१५,३९६	१६,७२९	१८,७७४	२०,८७८	२१,२८७
सुपरिवेक्षक शुल्क	१,१२५	१,१२५	१,१२५	१,१२५	१,१२५
डिपोजीटरी शुल्क	३,८४९	४,१८२	४,६९४	५,२२०	५,३२२
खुद सम्पत्ति मुल्य	१,३७९,६४६	१,५१२,५५५	१,६९७,४१४	१,९०७,८१४	२,१२८,६६७
इकाई संख्या	१००,०००	१००,०००	१००,०००	१००,०००	१००,०००
प्रति इकाई खुद सम्पत्ति मुल्य	१३.८०	१५.१३	१६.९७	१९.०८	२१.२९
लाभांश वितरण	१६%	१६%	१८%	१८%	–
लगानीमा प्रतिफल	१२.३५%	११.६०%	११.९०%	१०.६०%	०.००%
Cumulative Capital Gains	३७.९६%	५१.२९%	६९.७४%	९०.७८%	११२.८७%
बार्षिक पूँजीगत लाभ	८.४४%	१३.३२%	१८.४६%	२१.०४%	२२.०९%
लगानीमा कुल प्रतिफल (बार्षिक)	२४.४४%	२९.३२%	३६.४६%	३९.०४%	२२.०९%

१८. योजनाको मुनाफा वितरणको लक्ष्य :

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ। खुद मुनाफामध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुनः लगानी गरिनेछ।

१९. लगानी तथा लाभांशका सम्बन्धमा लागु हुने करसम्बन्धी व्यवस्था :

नेपाल सरकारको नीति बमोजिम सामूहिक लगानी कोषका लागि आ.व. २०७०।०७१ को आर्थिक विधेयकले योजनाको लाभांश, ब्याज तथा पूँजीगत लाभकर आम्दानीमा करकट्टी गर्नु नपर्ने ब्यवस्था गरेको छ। साथै योजनाले प्रतिफल वितरण गर्दा अग्रिम करकट्टी गरेर मात्र वितरण गर्ने ब्यवस्था रहेको।

२०. योजनामा अर्न्तनिहित जोखिम तथा सोको ब्यवस्थापनको लागि ब्यवस्थापनको धारणा

(क) सामान्य जोखिम तत्वहरु :

(१) सामूहिक लगानी कोषमा गरिने लगानी धितोपत्र बजारको जोखिमसँग भरपर्ने हुँदा नाफा हुने तथा सहभागीले लिएको उद्देश्य पूरा हुने कुराको कुनै निश्चितता नहुने सम्बन्धमा :
सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजार लगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ।

(२) धितोपत्रमा हुने लगानी जस्तै योजनाको इकाईहरुको खुद सम्पत्ति मूल्य बजार मूल्यको आधारमा घटबढ हुने सम्बन्धमा :
योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मूल्याङ्कनबाट गणना गरिएको हुन्छ। यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ।

(३) कोष प्रवर्द्धक, सुपरिवेक्षक वा योजना ब्यवस्थापकको बिगतको कार्यले निजहरुको भविष्यको कामको लागि निर्देशन वा सङ्केत गर्दैन भन्ने सम्बन्धमा :
योजना ब्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा ब्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाव किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ। योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्य सम्पादनको स्तर ९एभचायकबलअभ ाभिखर्भा० निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन।

(४) कोष प्रवर्द्धकले योजनामा कुनै हानी नोक्सानी भएमा सोको जिम्मेवारी लिने छैन भन्ने सम्बन्धमा :
योजनाको सञ्चालन तथा ब्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना ब्यवस्थापकले नै गर्दछ। योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन।

(५) यस योजनाले भविष्यमा राम्रो गर्ने र मुनाफा दिने कुराको सुनिश्चितता गर्दैन भन्ने सम्बन्धमा :
यस योजना अन्तर्गत इकाईहरु निष्कासन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ। योजना ब्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन।

(ख) खास जोखिम तत्वहरु :

(१) प्रस्तुत योजना निश्चित रुपमा मुनाफा फिर्ता दिने वा कुनै बैंक वा बिमाबाट मुनाफाको सुनिश्चितता भए नभएको के हो सो सम्बन्धमा :
यस योजना अन्तर्गत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा नगद लाभाँश पाउने छन्। यस्तो लाभाँश योजनाले आफ्नो लगानी वापत प्राप्त गर्ने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन, सम्पत्तिको मूल्य वृद्धि (capital gain) तथा अन्य वित्तीय कारोवारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ। प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफाबाट लाभांश दिने निर्णय गर्नेछ। खुद मुनाफाबाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ। कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफाबाट लाभांश दिन सकिनेछ। योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन।

(२) योजना अन्तर्गतको लक्ष्य प्राप्त गर्नका लागि असर पर्ने तत्वहरुमा सरकारी नीतिहरु, बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरु, बजारमा परिवर्तन भैरहने व्याज दर, व्यवसाय गरीने धितोपत्रको सङ्ख्या, राफसाफ गरीने पद्दति आदिले असर पार्ने सम्बन्धमा :
सामूहिक लगानी कोषसम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ। साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ। योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ। ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ। धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिम समेत आकर्षित हुन सक्दछ। साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने व्याजदर र धितोपत्रको लगानीबीच विपरित सम्बन्ध (Inverse relation) हुने हुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ।

(३) रेटिङ्ग कम्पनीले दिएको रायले खुद सम्पत्ती मूल्यको स्थीरताको सुनिश्चितता नगर्ने कुरा सम्बन्धमा :
रेटिङ्ग कम्पनीले कुनै समयको विवरणको आधारमा रेटिङ्ग गर्ने हुँदा उक्त समयमा दिइएको रायले योजनाको खुद सम्पत्ति मूल्यको स्थीरताको सुनिश्चितता गर्दैन।

(४) व्याजदर परिवर्तनबाट हुने जोखिमसम्बन्धमा :
योजनाको कुल रकममध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिवेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ। सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित व्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित व्याजदरमा हुने परिवर्तनले योजना अन्तर्गतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ।

(५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदिले खुद सम्पत्ति मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :
योजना अन्तर्गतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँट गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोवारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने, योजनाको लेखापरीक्षण गराउने, योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, सामूहिक लगानी कोष नियमावली, २०६७ मा भएको व्यवस्था बमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ।

(६) इक्वीटी सम्बन्धी जोखिममा यसका उपकरणहरुले कम्पनी र बजार दुबैका जोखिम बोकिरहेका हुन्छन् भन्ने कुरा उल्लेख गर्ने :
योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुबै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हन्छन्।

(७) ऋण जोखिमभित्र अर्को पक्षको ऋण फिर्ता गर्ने क्षमता तथा इच्छामा निर्भर गर्ने कुरा जस्तो की सरकारी धितोपत्रमा कुनै जोखिम नरहने कुरा :
योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहने हुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिमरहित हुँदैन।

(८) तरलता जोखिम सम्बन्धमा सो धितोपत्र कति बिक्री गर्न योग्य वा सहज छ त्यतिनै तरलता आउने बारे उल्लेख गर्ने :
योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने बिषय लगानी गरिएको धितोपत्रकै तरलतामा निर्भर रहने हुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ।

(९) ब्याजदरमा हुने जोखिम यसको गतिविधिमा निर्भर गर्छ भन्ने कुरा जस्तो की सरकारले ऋण लिएमा, मुद्रास्फिती भएमा आदि बारे :
ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ। विभिन्न आर्थिक उतारचढावको असर व्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा व्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ।

(१०) पुर्नलगानी जोखिम यथावत रहने कारणमा व्याज दरमा भएको अनिश्चितताका कारण तथा ऋणपत्रको सट्टामा कुपन प्राप्त हुने र सोही कुपन पुर्नलगानीमा प्रयोग हुने हुँदा पुर्नलगानी जोखिम बारे खुलाउने :
ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त व्याज आम्दानी पुन लगानी गरिने हुन्छ। यदि व्याजदरमा परिवर्तन भएमा यसरी प्राप्त व्याज रकम पुर्नलगानी गर्दा उत्तिकै प्रतिफल प्राप्त गर्न नसकिने जोखिम रहन सक्दछ।

(११) योजना अन्तर्गत लगानी गरिने बिभिन्न प्रकारका धितोपत्रहरुले बिभिन्न प्रकारका जोखिम बहन गर्ने कुरा जस्तो की सरकारी ऋणपत्रभन्दा व्यापारिक कम्पनीले जारी गरेका ऋणपत्रहरुमा बढी जोखिम रहने कुरा :
योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ। यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिवेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन्। यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिवेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिम रहित धितोपत्र मानिन्छ। योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ।

(१२) योजनाले लगानी गर्ने अन्य उपकरणहरु जस्तै डेरिभेटिप्स्, फ्युचर, अप्सन आदिमा निहित जोखिमहरु बारे उल्लेख गर्ने :
योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन। भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ। त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ।

(१३) योजनाको लगानी परिवर्त्य विदेशी मुद्रा वा सोमा आधारित उपकरणहरुमा लगानी गर्ने भएमा विदेशी मुद्रा विनिमय दरमा आउने परिवर्तनबाट हुने जोखिम बारे उल्लेख गर्ने :
योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन। यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ। त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिमयोजना र यसको प्रतिफलमा समेत रहन्छ।

(१४) योजनाको अवधिभर सोको मूल्य बृद्धिको अवसर रहने तर सोको बोनश नपाउने बारे :
योजनाको कार्यसम्पादनको आधारमा योजनाअन्तर्गतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ। योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले नगद लाभाँश वितरण गर्न सक्ने अवस्था हुन्छ। तथापि योजनाले कुनै प्रकारको बोनश भने वितरण गर्ने छैन।

(१५) योजना शुरु गर्ने बेलामा भएको खर्च तथा बार्षिक खर्च आदीले खुद सम्पत्ती मूल्यमा प्रभाव पार्ने सम्बन्धमा :
योजना निष्काशन गर्दा लाग्ने योजना दर्ता शुल्क, योजना बिक्री तथा यसको वार्षिक खर्चहरु जस्तै कोष व्यवस्थापन तथा डिपोजिटरी शुल्क, कोष सुपरिवेक्षक शुल्क, लेखा परिक्षण शुल्क, वार्षिक सुचीकरण तथा नविकरण शुल्क आदि खर्चहरु योजनाको कुल सम्पत्ती मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ती मूल्य गणना गरिने हुँदा योजनाको संचालन तथा वार्षिक खर्चले यसमा प्रभाव पार्ने हुन्छ।

(ग) जोखिम व्यवस्थापनको लागि व्यवस्थापन (कोष व्यवस्थापक) को धारणा :

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपाय अवलम्बन गरिनेछ।

(२) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयाको विकास गरिनेछ।

(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त विश्लेषण गरेर मात्र लगानीसम्बन्धी निर्णय गरिनेछ। यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ।

(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ।

(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप निरन्तर लगानी विविधीकरणको प्रक्रिया अवलम्बन गरिनेछ।

(६) तरलता व्यवस्थापनमा सदैव उच्च सतर्कता अपनाइनेछ।

२१. इकाईको बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था :

१. योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्कासन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ।
२. बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँट गरिनेछ।
३. यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आहवान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरिद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ।
४. इकाई बाँडफाँट गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँट गरिनेछ। तर यस विवरण पुस्तिका मार्फत निष्कासन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्कासन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँट गरिनेछ।
५. इकाईको बाँडफाँट सम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम हुनेछ।
योजनाका इकाईहरु नेपाल स्टक एक्सचेन्ज लि. मा सूचीकरण तथा सि.डि.एस. एण्ड क्लिरिङ्ग लि. मा दर्ता गराई दोस्रो बजारमा कारोबारको व्यवस्था मिलाइनेछ।

२२. आवेदन दिदाँ ध्यान दिनुपर्ने कुराहरुः

१. योजनाको इकाई खरिदका लागि आवेदन दिंदा आवेदन फाराममा आफुले लिन चाहेको इकाई संख्या तथा रकम स्पष्ट रुपमा भरी बुझाउनु पर्दछ। योजनाका इकाईहरु खरीद गर्दा न्यूनतम १०० इकाई तथा सो भन्दा माथि १० को गुणांकमा अधिकतम १ करोड इकाईसम्म खरीद गर्न सकिनेछ। आवेदन फारामसाथ आवेदन वापतको शत्प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ।
२. योजना निष्कासन सम्वन्धि विवरण पुस्तिका, योजना व्यवस्थापकको प्रबन्धपत्र तथा नियमावली तथा अन्य सम्वन्धित कागजातहरु योजना व्यवस्थापकको कार्यालयमा गई हेर्न सकिनेछ।
३. आवेदकले आवेदन फाराममा आफ्नो हितग्राही खाता नम्बर अनिवार्य रुपमा खुलाउनु पर्नेछ। नाबालकका हकमा नाबालकको हितग्राहि खाता नम्बर उल्लेख गर्नु पर्नेछ।
४. एक व्यक्ति वा संस्थाले एकभन्दा बढी आवेदन गर्न सक्ने छैन र त्यस्तो पाईएमा आवेदन रद्द गर्न सकिनेछ।
५. नेपाल धितोपत्र बोर्डबाट सहभागी बैंकको अनुमति प्राप्त बैंक तथा वित्तिय संस्था मध्ये आफ्नो खाता रहेको बैंक वित्तिय संस्थाबाट आस्वा (ASBA) प्रणाली अन्तर्गत मात्र आवेदन गर्न सकिनेछ। सहभागि बैंकहरुले रु. १०,००,०००/- वा सो भन्दा बढी दरखास्त दिन आवेदकको प्यान नं. रहेको तथा आवेदन वापत जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको वर्खिलाप हुने गरि आर्जन नगरेको भनि उद्घोषण गरेको यकिन गर्नुपर्नेछ।
६. योजनाको कार्य प्रगति सम्वन्धमा जानकारी प्राप्त गर्ने, योजनाले वितरण गरेको लाभांश प्राप्त गर्ने, योजनाको संचालन तथा खारेजी सम्वन्धमा आफ्नो मत राख्ने, योजना सम्वन्धमा आफ्ना गुनासा राख्ने जस्ता अधिकार प्राप्त गर्दछन् भने योजनाले लगानी गरेका कम्पनीहरुको शेयरधनीले प्राप्त गर्ने अधिकार इकाईवालालाई प्राप्त हुँदैन।
७. यस विवरण पुस्तिकामा उल्लेख गरिएको निकाय बाहेक अन्यले यस योजनाको विज्ञापन गर्न, जानकारी उपलब्ध गराउन वा प्रतिनिधित्व गर्न नपाउने हुँदा लगानीकर्ताले तोकिएका सहभागी बैंकहरुबाट नै इकाई खरीदका लागि आवेदन गर्नुपर्दछ।
८. लगानीकर्ताले इकाईमा लगानी गर्नुअघि विवरण पुस्तिकाको राम्ररी अध्ययन गर्नु पर्दछ।

२३. विवरणपत्र पाइने तथा दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थानहरु

विवरणपत्र पाप्त गर्ने स्थानको नाम र ठेगाना					
क्र.सं	कम्पनीको नाम	ठेगाना	क्र.सं	कम्पनीको नाम	ठेगाना
१.	सनराइज क्यापिटल लिमिटेड	कमलपोखरी, काठमाडौं।	२.	सनराइज बैंक लिमिटेडको प्रधान कार्यालय	गैह्रीधारा सडक, काठमाडौ।
दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान					
१. नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी आस्वा (ASBA) तथा सि-आस्वा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु।					

२४. ईकाइ बिक्री खुला गरिने मिति तथा अवधि :

यस विवरण-पत्रद्वारा निष्काशन गरिएको इकाईको लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन तथा अधिकतम ३० दिनको लागि हुनेछ। बोर्डबाट विवरण पुस्तिका स्वीकृत भएको २ महिना भित्र इकाईहरुको बिक्री खुल्ला गरिनेछ।

२५. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

योजना निष्कासनका वखत उत्पन्न हुनसक्ने गुनासाहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ। साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका वरिष्ठ अधिकृत, श्रीमती अर्चना श्रेष्ठ प्रधानलाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरेको छ। नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने, सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासाहरुलाई कानुनसम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछ। यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासो प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षकसमक्ष राखी सोको समाधान गरिनेछ। लगानीकर्ताहरुले देहाय बमोजिमको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्: फोन नं. ०१ ४४२८६६०/४४२८५५०, E-mail: info@sunrisecapital.com.np .

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

सनराइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)

पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं.: ४४२८५५०, ४४२८६६०,
फ्याक्स्: ४४२८६८८
Email: info@sunrisecapital.com.np
Web: www.sunrisecapital.com.np